श्री कार्य व्यवस्था प्रशाखा,
२०८३/०४/०६

श्री सचिव,
संघीय संसद् सचिवालय
राष्ट्रिय सभा।

विषय: ध्यानाकर्षण।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६७ बमोजिम देहायको जरुरी सार्वजनिक महत्त्वको विषयका सम्बन्धमा माननीय गृह मन्त्रीको ध्यानाकर्षण गराउन यो सूचना दिएको छौं।

## ध्यानाकर्षणको विषय

## मनसुनजन्य विपद् व्यवस्थापनमा सरकारको पूर्वतयारी सम्बन्धमा

नेपालमा मनसुन सक्रिय भएसँगै बाढी, पहिरो, डुबान तथा हिमताल विस्फोटजस्ता विपद्‌को जोखिम तीव्र रूपमा बढेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको '**मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना -२०८३**' अनुसार यस वर्ष देशभर करिब ५१ हजार ८६८ घरधुरीका २ लाख २६ हजार ६६१ नागरिक मनसुनजन्य विपद्‌बाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। तापक्रम वृद्धि, आकस्मिक बाढी, पहिरो र हिमताल विस्फोटको जोखिम बढ्न चेतावनी समेत दिइएको छ।

विगत एक दशकमा बाढी, पहिरो, भारी वर्षा र चट्याङका घटनाबाट ३ हजार ७४ जनाको मृत्यु, ५०२ जना बेपत्ता, ४ हजार ७६६ जना घाइते र ३३ हजार १९८ परिवार प्रभावित भएको सरकारी तथ्याङ्क छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको साउन २०८२ देखि असार २०८३ सम्मको तथ्याङ्कमा विपदका घटना करिब ७ हजार ५ सय थिए। विपद्‌जन्य घटनामा ज्यान गुमाउने १४० जना छन् भने करिब ११ सय जना घाइते र ३६ जना अझै पनि बेपत्ता छन्। १४ हजार प्रभावित परिवार छन्। यति ठूलो मानवीय र भौतिक क्षति भोगिसक्दा पनि प्रत्येक वर्ष विपद् आएपछि मात्र उद्धार, राहत र पुनःस्थापनामा सक्रिय हुने पुरानै प्रवृत्ति दोहोरिनु गम्भीर चिन्ताको विषय हो। उपलब्ध पूर्वानुमानलाई समयमै कार्यमूलक निर्णयमा रूपान्तरण गर्ने, जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित स्थानमा सार्ने तथा आवश्यक जनशक्ति, उपकरण, खाद्यान्न, औषधि र अस्थायी आवास अग्रीम रूपमा व्यवस्थापन गर्ने कार्य अझै प्रभावकारी ढंगले गर्न सकिएको छैन।

२०८१ साल असोजको बाढी पहिरोमा जल तथा मौसम विज्ञान विभागले सम्भावित भीषण वर्षाबारे अग्रीम सूचना र ५६ जिल्लामा उच्चसतर्कताको चेतावनी दिएको भए पनि त्यसअनुसारको पूर्वतयारी, जोखिमयुक्त क्षेत्रबाट नागरिकको समयमै स्थानान्तरण, सडक तथा यातायात व्यवस्थापन र खोज तथा उद्धार हुन नसक्दा ठूलो जनधनको क्षति भएको थियो। उक्त घटनाले पूर्वानुमान उपलब्ध हुनु मात्र पर्याप्त नभई सूचना प्राप्त

भएपछि कुन निकायले, कति समयभित्र र के कदम चाल्ने भन्ने स्पष्ट कार्यप्रणाली आवश्यक रहेको देखाएको छ। त्यस्तै विपद्को प्रभाव विशेष गरी अपाङ्गता भएका व्यक्ति, बालबालिका जेष्ठ नागरिक, गर्भवती महिला र जोखिमयुक्त स्थानमा बसोबास गर्ने नागरिकहरुको उद्धार, पुनर्स्थापना, पूर्वसूचना प्रणाली र संरक्षणका सम्बन्धमा समेत सरकारको योजना के छ सार्वजनिक हुन सकेको छैन।

विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारी भए पनि तीन तहका सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, स्वास्थ्य संस्था तथा स्थानीय विपद् व्यवस्थापन समितिबीच प्रभावकारी समन्वय र एकीकृत कमाण्ड प्रणालीको अभाव विगतका विपदमा पटक-पटक देखिएको छ। स्थानीय तहलाई जिम्मेवारी दिइए पनि जोखिम नक्साङ्कन, सुरक्षित आश्रयस्थल, स्थानीय उद्धार टोली, उपकरण, आपत्कालीन कोष र राहत सामग्रीको वास्तविक अवस्था सार्वजनिक भएको छैन। विगत देखि वर्तमान सम्मको समस्या हेर्दा तिनै तहका सरकार स्थानीय निकायसंग प्रभावित क्षेत्रमा (तटीय क्षेत्रमा) बसोबास गर्ने समुदाय र प्रभावीत स्थानीय तहबीच अत्यावश्यक समन्वय, सूचना सम्प्रेषण र सहकार्यको अभाव देखिएका छ। जोखिमयुक्त मुख्य राजमार्ग बीपी राजमार्गको काभ्रे-सिन्धुली, पृथ्वी राजमार्गको नारायणगढ-मुग्लिङ खण्ड, कर्णाली सुर्खेत-जुम्ला, सिद्धार्थ राजमार्ग पाल्पा-बुटवलको सिद्धबाबा खण्ड, पूर्व-पश्चिम राजमार्गको दाउन्ने सडक खण्ड, त्रिभुवन राजपथको नौबिसे-काठमाडौँ खण्ड, तराई मधेशका डुबान र कटान हुने नदी किनारका क्षेत्र, कर्णाली र सुदुरपश्चिमका विकट पहाडी सडक साथै अति जोखिमका स्थानका लागि सरकारको पूर्व तयारी के हो ? भन्ने बारेमा सरकारले कुनै जानकारी गराएको छैन। अतः यस सन्दर्भमा सम्मानित सदनले चासो राख्नु अत्यावश्यक देखिएको छ।

यसैबीच 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' का कारण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नियुक्त पदाधिकारीहरु पदमुक्त भएका छन्। देश मनसुनजन्य विपदको उच्चजोखिममा रहेको समयमा विपद् व्यवस्थापनको केन्द्रीय निकायलाई स्पष्ट र पूर्णकालीन नेतृत्वविहीन राखिनुले नीति निर्माण, अन्तरनिकाय समन्वय, सूचना प्रवाह तथा प्रतिकार्य क्षमतामाथि गम्भीर प्रश्न उठेका मात्र होइन विपदका कारण हुने जनधनको क्षति कम गर्न सरकार संवेदनशिल र पुर्वतयारी अवस्थामा नभएको देखाउँछ।

मनसुनजन्य विपद् व्यवस्थापनको पुर्व तयारी लगायतका विषयमा सरकारले के गरिरहेको छ, कस्तो तयारी गरेको छ यसबारेमा सरकारबाट जानकारी लिन, सरकारलाई जवाफदेही बनाउन, सरकारका गलत निर्णयलाई रोक्न र सरकारलाई सही दिशानिर्देश गर्न संसदको महत्वपूर्ण भूमिका रहन्छ।

अतः मनसुनजन्य विपद् व्यवस्थापनको पूर्वतयारीका सन्दर्भमा देहायका विषयहरूमा नेपाल सरकारको तर्फबाट गरेका काम र तयारीका सम्बन्धमा स्पष्ट पार्न र विपदबाट थप संकट आउन नदिन तत्काल सरकारलाई मार्गनिर्देश गर्न अपरिहार्य भएकोले यो ध्यानाकर्षण प्रस्ताव पेश गरेका छौं।

१. मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना–२०८३ को हालसम्मको कार्यान्वयन अवस्था, जोखिमयुक्त जिल्ला तथा बस्तीको प्राथमिकिकरण र त्यसको विवरण, उद्धार जनशक्ति र उपकरणको उपलब्धता र तयारी कस्तो अवस्थामा रहेको छ ?

२. स्थानीय तह, प्रदेश र संघ तीनवटै तहबीचको समन्वय एवं कमाण्ड संरचना, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्व रिक्तताको समाधान र प्रभावकारी व्यवस्थापनका सम्बन्धमा सरकारले के-कस्ता उपायहरू अवलम्बन गरेको छ ?

३. जल तथा मौसम विज्ञान विभाग र नेपाल टेलिकमबीच जोखिमयुक्त क्षेत्रमा रहेका सेवाग्राहीलाई ११५५ सर्टकोडमार्फत बाढी, पहिरो, चट्याङ, हावाहुरीलगायत विपद्को निःशुल्क एसएमएस पूर्वसूचना पठाउने व्यवस्था गरिएको भएता पनि उक्त प्रणालीको कार्यान्वियन, पहुँचयुक्तता, स्थानगत उपलब्धता, समयबद्धता र प्रभावकारिता कस्तो रहेको छ र यसको समाधानका लागि सरकारले हालसम्म के कस्ता कामहरू गरेको छ ?

४. विपद्का बेलामा समयमा नै उद्धार कार्यमा सहयोग पुऱ्याउनका लागि तयारी अवस्थामा रहनुपर्ने विभिन्न संयन्त्र, उद्धार कार्यदल तथा सुरक्षा निकाय र समुदायस्तरका उद्धारकर्मीहरूलाई अत्यावश्यक उद्धार सामग्रीहरू तयारी अवस्थामा छन् वा छैनन् ? उद्धारका लागि तत्काल चाहिने आवश्यक बजेट तथा राहत कोषको अवस्था के-कस्तो रहेको छ ?

५. मोबाइल सञ्जाल कमजोर भएका दुर्गमक्षेत्र, फोन नभएका नागरिक, मातृ र स्थानीय भाषा मात्र प्रयोग गर्ने समुदाय, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसम्म समयमा नै पहुँचयुक्त ढाँचामा सूचना पुऱ्याउन सरकारले कस्ता वैकल्पिक व्यवस्था र संयन्त्रहरूको प्रबन्ध गरेको छ ?

६. विपद् पश्चात उद्धार, राहत तथा पुनःस्थापनाको तयारी, जोखिम र संवेदनशील क्षेत्र र समुदायको तत्काल सुरक्षाका लागि आवश्यक पूर्वतयारी र समन्वय।

नेपाली जनताको जीउधनको क्षति हुने सक्ने यी लगायतका अत्यावश्यक र संवेदनशिल विषयहरूमा सदनलाई तत्काल जानकारी गराउन तथा सरकारलाई आवश्यक निर्देशन दिन अपरिहार्य रहेकोले यो ध्यानाकर्षण प्रस्ताव पेश गरिएको छ।

**सम्बन्धित मन्त्रीः माननीय गृह मन्त्री**

**प्रस्तावकः**

हस्ताक्षरः

नाम, थरः

सदस्य क्रम सङ्ख्याः

समर्थक:
हस्ताक्षर:
नाम, थर: मदनी कुमारी साह गरीमा
सदस्य क्रम सङ्ख्या: ३२

समर्थक:
हस्ताक्षर:
नाम, थर: सोमनाथ पौडेल
सदस्य क्रम सङ्ख्या: ५६

समर्थक:
हस्ताक्षर:
नाम, थर: पुजा चौधरी
सदस्य क्रम सङ्ख्या: २९

समर्थक:
हस्ताक्षर:
नाम, थर: पदम बहादुर परियार
सदस्य क्रम सङ्ख्या: २८

मिति:२०८३ श्रावण ५ गते